# बुलिङटार गाउँपालिका
**Bulingtar Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office Of The Rural Municipal Executive**
बुलिङटार, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
Bulingtar, Nawalparasi (East Of Bardaghat Susta)

R5PR+67 बुलिङ्टार
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


**पत्र संख्या** (Letter No).:-०७९।०८०
**चलानी नं** (Ref No).:-

## स्थानीय सेवा (गठन, संचालन) अध्यादेश २०७९ बमोजिम तह वृद्धि गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः- २०७९/०६/२७

प्रस्तुत विषयमा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. ४७५ मिति २०७९/०६/२५ को पत्रानुसार स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पद भन्दा १ तह मुनिको पदमा तोकिए बमोजिमको न्युनतम सेवा अवधी पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उपसमूह भित्रको पदमा तह वृद्धि गर्ने र स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश, २०७९ को दफा ९ को उपदफा ४ बमोजिम दरबन्दी सहित तह कायम प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश, २०७९ को दफा ३२ बमोजिमको नकारात्मक सूचीमा नपरेका तह वृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह वा उप समूहको पदमा यस बुलिङटार गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले गण्डकी प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइट www.ocmcm.gandaki.gov.np वा बुलिङटार गाउँपालिकाको वेबसाइट www.bulingtarmun.gov.np रहेको तह वृद्धिको आवेदन फारम डाउनलोड गरी फारममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई (दुई प्रति तयार गरी) २०७९।०७।०२ गते सम्ममा यस बुलिङटार गाउँपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत यस सूचना मार्फत् जानकारी गराईन्छ ।

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

**बिशाल मिश्रा**
**प्रमुख प्रशासकीय अधिकृत**



9857070107 www.bulingtarmun.gov.np info@bulingtarmun.gov.np